Scottish Social Services Council

# कोड्स् अफ प्राक्टिस् फर् सोसियल सर्भिस् वोर्कर्स् एन्ड इम्प्लोएर्स् (सामाजिक सेवाकर्मीहरु तथा रोजगारदाताहरुका लागि आचरण संहिता)

२०२४

# कोड्स् अफ् प्राक्टिस् फर् सोसियल सर्भिस् वोर्कर्स एन्ड इम्प्लोएर्स्
# (सामाजिक सेवाकर्मीहरु तथा रोजगारदाताहरुका लागि आचरण संहिता)

**एसएसएससी कोड्स् अफ् प्राक्टिस् (दि कोड्स्) (आचरण संहिता) ले निम्न निर्धारण गर्छन्:**

- स्कटल्यान्डका सामाजिक सेवामा कार्यरत हरेक व्यक्तिबाट अपेक्षित अभ्यास र व्यवहारका मापदण्ड
- स्कटल्यान्डका सामाजिक सेवाका रोजगारदाताबाट अपेक्षित मापदण्ड।

## कोडहरु (संहिता) का बारे

व्यक्तिहरु (सामाजिक सेवा/सोसियल सर्भिस् प्राप्तकर्ता) ले सामाजिक सेवाकर्मीबाट के अपेक्षा गर्न सक्छन् भनेर यस संहिताले बताँउछन्। तिनीहरुले रोजगारदाताहरु र कर्मचारीहरुलाई कसरी आफ्ना अभ्यासलाई निरन्तर सुधार गर्न सक्छन् भनेर सोँचबिचार गर्न पनि सहायता गर्छन्। संहिताका दुई सेटहरुले मापदण्डहरु पुरा गर्न रोजगारदाताहरु र कर्मचारीहरु दुबैका जिम्मेवारीहरुलाई प्रतिबिम्बित (रिफ्लेक्सन्) गर्छन्।

हामीले पहिलो पटक संहितालाई सन् २००३ मा सबै सामाजिक सेवाकर्मीहरु र तिनीहरुका रोजगारदाताहरुमा लागु हुने व्यवहार र अभ्यासका राष्ट्रिय मापदण्डहरु निर्धारण गरेर प्रकाशित गर्यौं। यस २०२४ मा संशोधन गरिएका संहिता तेस्रो संस्करण हुन् र यसले अगाडीका संस्करणहरु (२०१६ र २००३) लाई प्रतिस्थापन गर्छन्।

## कोड् फर सोसियल सर्भिस् वोर्कर्स (सामाजिक सेवाकर्मीहरुका लागि संहिता)

सामाजिक सेवाकर्मीका लागि संहिताले सामाजिक सेवामा कार्यरत हरेक व्यक्तिबाट अपेक्षित स्पष्ट मापदण्डहरु निर्धारण गर्छन्। मापदण्ड पुरा गर्ने जिम्मेवारी तपाईको आफ्नै हो र तपाईले आफ्नो अभ्यासलाई मनन गर्न र यसलाई कसरी निरन्तर सुधार गर्न सकिन्छ भनेर पहिचान गर्न संहिता प्रयोग गर्नु पर्छ।

## कोड् फर इम्प्लोएर्स् अफ् सोसियल सर्भिस् वोर्कर्स् (सामाजिक सेवाकर्मीका रोजगारदाताहरुका लागि संहिता)

कोड् फर इम्प्लोएर्स् अफ् सोसियल सर्भिस् वोर्कर्सले रोजगारदाताका कार्यबल, विश्वसनीय, कुशल, विश्वस्त र मूल्यवान भएका सुनिश्चित गर्नका लागि तिनीहरुका जिम्मेवारीहरु निर्धारण गर्छन्। रोजगारदाताका नाताले तपाईले कोड् फर् सोसियल सर्भिस वोर्कर्समा निर्धारण गरिएका मापदण्डहरु कर्मचारीहरुले प्राप्त गर्न तपाईले समर्थन गर्नु पर्छ र कोडहरुका दुबै भागहरु निरन्तर सुधारका लागि टुल (उपकरण) का रुपमा प्रयोग गर्नु पर्छ।

# कोड्हरु किन महत्वपुर्ण छन्?

**सार्वजनिक सुरक्षा र कार्यबल नियमन**

हेल्थ एन्ड् सोसियल केयर स्ट्यान्डर्ड (स्वास्थ्य तथा सामाजिक हेरचाह मापदण्ड) का साथसाथै यस कोड् हेरचाहका गुणस्तर वा व्यक्तिहरुका अनुभव समर्थनमा नियमन र सुधार गर्ने महत्वपुर्ण भाग हुन्।

सबै सामाजिक सेवा रोजगारदाताहरु र कर्मचारीहरुले यस कोड्स अफ् प्राक्टिस् अनुरूप काम गर्ने प्रतिबद्धता जनाउँछन्।

स्कटल्याण्डका नागरिकहरुलाई विश्वसनीय, कुशल, विश्वस्त र मूल्यवान कार्यबलले सामाजिक सेवा प्रदान गरेको सुनिश्चित गर्न एसएसएससीले कार्यबललाई नियमन गर्छन्।

केयर इन्सपेक्टोरेटले रजिस्टर्ड् केयर (दर्ता गरिएका हेरचाह सेवा) प्रदायक र कर्मचारीहरुलाई रोजगार प्रदान गर्ने संस्थाहरुलाई नियमन गर्छन्। केयर इन्सपेक्टोरेटले सल्लाह प्रदान गर्ने लगायत सबै सामाजिक सेवाहरुमा मापदण्ड सुधार गर्न असल अभ्यास प्रवर्द्धन गर्छन्।

रजिस्ट्र्यान्ट् (दर्ताकर्ता) ले कोडहरुमा निर्धारण गरिएका मापदण्ड पुरा नगरेमा एसएसएससीले तिनीहरुका विरुध्द फिट्नेस् टु प्राक्टिस् (सेवा प्रदान गर्न लायक छन् वा छैनन्) प्रक्रिया मार्फत कारबाही गर्छन्। केयर इन्सपेक्टोरेटले हेरचाह सेवा प्रदायकहरु (केयर् सर्भिस् प्रोभाइडर्) लाई कोडहरु कसरी पालना गर्ने भनेर सल्लाह प्रदान गर्न सक्छन् र, यदि आवस्यक परेमा अपेक्षित मापदण्ड पुरा नगर्ने रोजगारदाताहरुका विरुध्द कारबाही चलाउँछन्।

**हरेक दिन असल अभ्यासमा सहायता गर्ने**

कोडहरु निरन्तर सुधार र अभ्यास सुधारका लागि टुल (उपकरण) हुन्।
उदाहरणका लागि, तपाईले निम्नका लागि प्रयोग गर्न सक्छन्ः

- टिम/टोली मिटिंगमा नियमित रुपमा हुने कोडहरु छलफलमा सहायता गर्न।
- इन्डक्सनका समयमा, र कर्मचारी सिकाइ र विकासका लागि।
- प्रचलित अभ्यास मनन गर्न।

कोडहरु र एसएसएससिका बारेमा थप जानकारीका लागि **www.sssc.uk.com** मा जानुहोस्।

## कोड् अफ् प्राक्टिस् फर सोसियल सर्भिस् वोर्कर्स (सामाजिक सेवाकर्मीहरुका लागि आचरण संहिता)

| १: मैले व्यक्तिहरु र हेरचाहकर्ताहरु (केयररहरु) का अधिकार र रुचिलाई संरक्षण र प्रवर्द्धन गर्नु पर्छ। | |
|---|---|
| **कर्मचारी भएका नाताले, म** | |
| 1.1 | दयालु, करुणा र सम्मानका साथ काम गर्नेछु र हरेक व्यक्ति अरुभन्दा फरक (युनिक्) हुन्छन् |
| 1.2 | व्यक्तिहरु र हेरचाहकर्ताहरुका अधिकार लगायत उपयुक्त अवस्थामा तिनीहरुका इच्छा र छनौटहरूका सम्मान र प्रवर्द्धन गर्नेछु। |
| 1.3 | व्यक्तिहरुलाई आफ्नो जीवनको नियन्त्रण आफैमा भएको र आफ्नो हेरचार वा सहायताका बारे सूचित छनौट (इन्फोर्म्ड च्वाइसेस्) गर्ने अधिकार प्रवर्द्धन गर्नेछु। |
| 1.4 | व्यक्तिहरु र हेरचाहकर्ताहरुले रुचाएका विधि र भाषा प्रयोग गरेर संचार गर्न तिनीहरुसँग कार्य गर्नेछु। |
| 1.5 | व्यक्तिहरुका मान मर्यादा र गोपनीयताको सम्मान र संरक्षण गर्नेछु। |
| 1.6 | विविधतालाई प्रवर्द्धन गर्नेछु र सबै पहिचान, महत्व र संस्कृतिहरूका सम्मान गर्नेछु। |

| २: मैले व्यक्तिहरु र हेरचाहकर्ताहरुका विश्वास र आत्मविश्वास बढाउनु पर्छ र संरक्षण गर्नु पर्छ। | |
|---|---|
| **कर्मचारी भएका नाताले, म** | |
| 2.1 | सत्यवादी, खुला, इमानदार र विश्वासयोग्य हुनेछु। |
| 2.2 | सम्मानजनक, खुला, सही र सीधा तरिकामा संचार गर्नेछु। |
| 2.3 | गोप्य जानकारीका सम्मान गर्नेछु र व्यक्तिहरु र हेरचाहकर्ताहरूलाई गोपनीयता बारे नीतिहरू स्पष्ट रूपमा व्याख्या गर्नेछु। |
| 2.4 | भरपर्दो र निर्भरयोग्य हुनेछु। |
| 2.5 | कार्य प्रतिबद्धताहरू, सम्झौताहरू र व्यवस्थाहरूका सम्मान गर्ने र, यो गर्न सम्भव नहुदा, व्यक्तिहरू, हेरचाहकर्ताहरू लगायत मेरो रोजगारदातालाई किन समभव छैन भनेर व्याख्या गर्नेछु। |
| 2.6 | द्वन्द्व सिर्जना गर्न (स्वार्थ बाझिने) सक्ने मुद्दाहरू घोषणा गर्नेछु र तिनीहरूले मेरो निर्णय वा अभ्यासलाई असर गर्दैनन् भनेर सुनिश्चित गर्नेछु। |
| 2.7 | व्यक्तिहरु र हेरचाहकर्ताहरूसँग उपहार र पैसा आदानप्रदान गर्ने बारे नीतिहरू र प्रक्रियाहरू पालना गर्नेछु। |
| 2.8 | व्यक्तिहरु, सहकर्मीहरु वा हेरचाहकर्ताहरूका मान मर्यादा, कल्याण र सुरक्षाको सम्मान गर्ने खुला, सकारात्मक सम्बन्ध बनाउनेछु र तिनीहरुसँग व्यावसायिक सीमाहरू कायम गर्नेछु। |

| ३: मैले व्यक्तिहरु र हेरचाहकर्ताहरूलाई हानीबाट जोगाउने बेलामा तिनीहरुका कल्याण र स्वतन्त्रतालाई प्रवर्द्धन गर्नुपर्दछ। | |
|---|---|
| **कर्मचारी भएका नाताले, म** | |
| 3.1 | स्थापित प्रणालीहरू प्रयोग गरेर हानीका आरोपहरु लगायत कुनै पनि खतरनाक, अपमानजनक वा भेदभावपूर्ण व्यवहारहरुका चुनौती गर्नेछु र उपयुक्त समयसीमा भित्र रिपोर्ट गर्नेछु। |
| 3.2 | मलाई र अन्य व्यक्तिलाई काममा सुरक्षित राख्न निर्माण गरिएका अभ्यासहरु, प्रक्रियाहरु र नीतिहरु पालना गर्नेछु। |
| 3.3 | हेरचाह वा सहायता प्रदान गर्ने बाटोमा बाधा पुग्न सक्ने कुनै पनि रिसोर्सिंग (स्रोत-साधन आपूर्ति) वा परिचालन मामिलाका बारे मेरो रोजगारदाता वा सम्बन्धित अधिकारीलाई खबर गर्नेछु। |
| 3.4 | मेरो सहकर्मीको फिट्नेस् टु प्राक्टिसमा कमजोरपना आएमा मेरो रोजगारदाता, वा उपयुक्त अधिकारीलाई खबर गर्नेछु। |
| 3.5 | मेरो अभ्यासले हानी वा नोक्सानी पुर्याएमा वा पुर्याएको हुनसक्ने भएमा म मेरो रोजगारदाता, व्यक्तिहरु र हेरचाहकर्ताहरु संग खुला र इमानदार हुनेछु। |
| 3.6 | मेरो रोजगारदाता, एसएसएससी वा सम्बन्धित अधिकारीले मेरो वा अन्यका फिट्नेस् टु प्राक्टिस् विरुद्ध गरेका कुनै पनि अनुसन्धानमा सहयोग गर्नेछु। सुनवाइमा उपस्थित हुने र बकपत्र, कागजपत्र वा अन्य जानकारीहरु उचित समयसीमा भित्र प्रदान गर्ने लगायत यस सहयोगमा पर्न सक्छन्। |
| 3.7 | प्रतिक्रिया दिन र लिन, चिन्ताहरु र गुनासोहरु उठाउन व्यक्तिहरु र हेरचाहकर्ताहरु सँग कार्य गर्ने, र सो लाई गम्भिर रुपमा लिएर कार्य गर्नेछु। |
| 3.8 | व्यक्तिहरु, हेरचाहकर्ताहरु र सहकर्मीहरु संग कार्य गर्दा म संग रहेका कार्य शक्ति र अधिकार पहिचान गरेर जिम्मेवारीपुर्वक तिनीहरुको प्रयोग गर्नेछु। |

| | |
|---|---|
| **४: व्यक्तिहरु सँग जोखिम लिने अधिकार छन् भनेर मैले पहिचान गर्नु पर्छ र ति जोखिमहरू बुझ्न र व्यवस्थापन गर्न तिनीहरु सँग कार्य गर्नेछु।** | |
| **कर्मचारी भएका नाताले, म** | |
| 4.1 | तिनीहरु आफैलाई वा अरूलाई हुने सम्भावित र वास्तविक जोखिमहरूका बारेमा सूचित छनौटहरू गर्न व्यक्तिहरूसँग कार्य गर्नेछु। |
| 4.2 | व्यक्तिहरुका व्यवहारले तिनीहरु आफैलाई वा अरुलाई हानीको जोखिम प्रदान गर्छन/गर्दैनन् भनेर मूल्यांकन गर्न जोखिम मूल्यांकन नीतिहरु तथा प्रक्रियाहरुका पालना गर्नेछु। |
| 4.3 | व्यक्तिहरूले आफैलाई वा अरूलाई हानी पुऱ्याउने जोखिमहरू कम गर्न आवश्यक कदमहरू चाल्नेछु। |
| 4.4 | व्यक्तिहरू, सम्बन्धित सहकर्मीहरू र एजेन्सीहरूलाई जोखिम मूल्यांकनका निष्कर्षहरू र प्रभावहरू बारे सूचित गरिएको सुनिश्चित गर्नेछु। |

| ५: म मेरो कामको गुणस्तरका लागि उत्तरदायी हुनुपर्छ र मेरो ज्ञान र सीपहरू कायम राख्न र सुधार गर्ने जिम्मेवारी लिनुपर्छ। | |
|---|---|
| **कर्मचारी भएका नाताले, म** | |
| 5.1 | अभ्यासका सान्दर्भिक मापदण्डहरू पूरा गर्नेछु र कानुनी, सुरक्षित र प्रभावकारी तरिकामा काम गर्नेछु। |
| 5.2 | मेरो कामसँग सम्बन्धित नीतिहरू र प्रक्रियाहरू अनुरूप स्पष्ट, सही र अप-टु-डेट रेकर्डहरू कायम राख्नेछु। |
| 5.3 | मेरो कार्य सक्षम र सुरक्षित रूपमा गर्न सक्ने मेरो क्षमतालाई असर गर्न सक्ने कुनै पनि व्यक्तिगत परिस्थिति वा अनुभवहरूका बारेमा मेरो रोजगारदाता वा सम्बन्धित अधिकारीलाई बताउनेछु र मेरो फिट्नेस् टु प्राक्टिसलाई असर गर्न सक्ने कुनै पनि कुराका बारेमा एसएसएससीलाई बताउनेछु। |
| 5.4 | यदि मैले मेरो कामको कुनै पनि भाग पूरा गर्न सक्षम नभएको वा पर्याप्त रूपमा तयार नभएको महसुस गरेमा वा कसरी अगाडि बढ्ने भन्ने बारे म अनिश्चित भएमा, म मेरो रोजगारदाता वा सम्बन्धित अधिकारीलाई सहायता माग्नेछु। |
| 5.5 | मेरो विकास, सिकाइ आवश्यकताहरू, कल्याण र अभ्यास मनन/समिक्षा गर्न पर्यवेक्षण (सुपरभिजन) का लागि तयारी हुनेछु र संलग्न हुनेछु। |
| 5.6 | मेरो ज्ञान र सिपहरु सुधार गर्न र अरुका सिकाइ र विकासमा योगदान गर्न निरन्तर व्यावसायिक सिकाइ कायम राख्नेछु। |
| 5.7 | सहकर्मीहरू र अरूहरूसँग समावेशी र खुला रूपमा सहकार्य गरिकन कार्य गर्नेछु र उनीहरूलाई सम्मानपूर्वक व्यवहार गर्नेछु। |
| 5.8 | ट्राउमा (मनोवैज्ञानिक असर/आघात) ले व्यक्ति, हेरचाहकर्ता र सहकर्मीहरूमा पर्न सक्ने प्रभाव बुझिकन कार्य गर्नेछु। |
| 5.9 | मैले अरूलाई जिम्मा दिएको कामका लागि जिम्मेवारी हुनेछु। |
| 5.10 | विभिन्न व्यावसायिक कोडहरू पालना गर्न सक्ने अन्य पेशाहरूका सहकर्मीहरूको भूमिका र विशेषज्ञताको सम्मान गर्नेछु र तिनीहरूसँग साझेदारीमा काम गर्न गर्नेछु। |
| 5.11 | हेरचाहकर्ताहरू,परिवारहरू र सम्बन्धित अरुका भूमिका, विशेषज्ञता र अनुभवलाई पहिचान र सम्मान गर्नेछु र उपयुक्तता अनुसार उनीहरूसँग साझेदारीमा काम गर्नेछु। |
| 5.12 | व्यक्तिहरु, हेरचाहकर्ताहरु र अन्यहरुलाई प्रतिक्रिया दिन आमन्त्रण गर्नेछु र तिनीहरुका प्रतिक्रियालाई मेरो अभ्यास सुधार गर्न प्रयोग गर्नेछु। |

| ६: मैले आमजनताका भरोसा र विश्वास कायम राख्नु पर्छ। | |
|---|---|
| **कर्मचारीका नाताले, म निम्न गर्दिन** | |
| 6.1 | व्यक्तिहरु, हेरचाहकर्ताहरु वा सहकर्मीहरूलाई दुर्व्यवहार, हानी, बेवास्ता वा शोषण। |
| 6.2 | व्यक्ति, हेरचाहकर्ता वा सहकर्मीहरूका विश्वासको दुरुपयोग गर्ने, वा तिनीहरू र तिनीहरूका व्यक्तिगत परिस्थितिहरूका बारेमा म सँग रहेको जानकारी दुरुपयोग गर्ने। |
| 6.3 | व्यक्तिहरु वा हेरचाहकर्ताहरूसँग अव्यवसायिक वा हानीकारक सम्बन्धहरू बनाउने। |
| 6.4 | व्यक्तिहरु, हेरचाहकर्ताहरु वा सहकर्मीहरू विरुद्ध भेदभाव गर्ने। |
| 6.5 | व्यक्तिहरु, हेरचाहकर्ताहरु वा सहकर्मीहरूले गरेका कुनै पनि भेदभावलाई ढाकछोप गर्ने। |
| 6.6 | म आफैलाई वा अन्य व्यक्तिहरूलाई अनावश्यक जोखिममा राख्ने। |
| 6.7 | काममा हुदा वा काम बाहिर हुदा, सामाजिक सेवाहरूमा काम गर्ने मेरो उपयुक्ततालाई प्रश्न उठाउँने तरिकामा व्यवहार गर्ने। |

## कोड् अफ् प्राक्टिस् फर् इम्प्लोएर्स अफ् सोसियल सर्भिस् वोर्कर्स
## (सामाजिक सेवाकर्मीहरुका रोजगारदाताहरुका लागि आचरण संहिता)

| १: तपाईले भर्ना गर्नुभएका व्यक्तिहरू सामाजिक सेवा कार्यकर्ता हुनका लागि उपयुक्त छन् र उनीहरूले आफ्नो भूमिका र जिम्मेवारीहरू बुझ्छन् भनेर सुनिश्चित गर्नुहोस्। | |
|---|---|
| **रोजगारदाताको नाताले, म** | |
| 1.1 | उपयुक्त मनोवृत्ति र महत्व भएका, र आवश्यक ज्ञान र सीपहरू प्राप्त गर्ने क्षमता भएका मानिसहरू कार्यबलमा प्रवेश गरेको सुनिश्चित गर्न पूर्ण र सुरक्षित भर्ती प्रक्रियाहरू प्रयोग गर्नेछु। |
| 1.2 | व्यक्तिले कामका कर्तव्यहरू पूरा गर्न सक्छन्/सक्दैनन् भनेर मूल्याङ्कन गर्न, तिनीहरुका आपराधिक अभिलेखहरू, दर्ता र रोजगारीमा अन्तरहरू जाँच्नका लागि सम्बन्धित सुरक्षित भर्ती मार्गदर्शनहरु पालना गर्नेछु। |
| 1.3 | विशिष्ट भूमिकामा काम गर्ने व्यक्तिको उपयुक्ततासँग सम्बन्धित सहि जानकारी वा रिफिरेन्स अनुरोध गर्नेछु र अनुरोध गरिएमा त्यो प्रदान गर्नेछु। |
| 1.4 | कार्यकर्ताहरुलाई आफ्नो काममा पालना गर्नुपर्ने भूमिका र जिम्मेवारीहरू लगायत सम्बन्धित कानुन, नीति र प्रक्रियाहरू बारे स्पष्ट जानकारी दिनेछु। |
| 1.5 | कार्यकर्ताहरूलाई लाइन व्यवस्थापन, संचार र सहायताका बारेमा स्पष्ट जानकारी प्रदान गर्नेछु। |

| २: सामाजिक सेवाकर्मीहरुलाई तिनीहरूका आचारण संहिता (कोड् अफ् प्राक्टिस्) पूरा गर्न समर्थन गर्ने प्रणालीहरू र संस्कृति कायम राख्नेछु। | |
|---|---|
| **रोजगारदाताको नाताले, म** | |
| 2.1 | दयालु र सहानुभुतिपूर्ण अभ्यासलाई प्रवर्द्धन गरेर कर्मचारीहरूको नेतृत्व, व्यवस्थापन र पर्यवेक्षण गर्नेछु। |
| 2.2 | विविधता, समावेशी र समानताको महत्व राख्नेछु र व्यक्तिगत अधिकारहरूलाई समर्थन गर्दै नेतृत्व गर्नेछु। |
| 2.3 | व्यक्तिहरु र हेरचाहकर्ताहरूलाई आफ्नो हेरचाह वा सहायताका बारे हुने निर्णयहरूमा (उपयुक्तता अनुसार) संलग्न सुनिश्चित गर्दै कर्मचारीहरूलाई नेतृत्व गर्नेछु। |
| 2.4 | कर्मचारीहरूलाई उनीहरूका फिट्नेस् टु प्राक्टिस् सुनिश्चित गराउदै उनीहरुका अभ्यास र व्यावसायिक विकासलाई निरन्तर सुधार गर्न नेतृत्व गर्नेछु। |
| 2.5 | कर्मचारीहरूलाई नैतिक अभ्यास र व्यावसायिक सीमाहरू छलफल गर्न समर्थन गर्ने खुला संस्कृति (ओपन् कल्चर) प्रवर्द्धन गर्नेछु। |
| 2.6 | आफ्नो सेवा र अभ्यासलाई सुधार गर्न व्यक्तिहरू, हेरचाहकर्ताहरू र अन्यहरूबाट प्रतिक्रिया अनुरोध गरेर सो लाई प्रयोग गर्न प्रणालीहरू स्थापना गर्नेछु। |
| 2.7 | हेरचाह वा सहायतामा प्रभाव पार्न सक्ने रिसोर्सिङ (स्रोत-साधन आपूर्ति) वा परिचालन कठिनाइहरू रिपोर्ट गर्नका लागि र आवश्यक भएमा सम्बन्धित अधिकारीहरूसँग त्यस्ता समस्याहरू समाधान गर्न कर्मचारीहरूका लागि प्रणालीहरू स्थापना गर्नेछु। |
| 2.8 | कुनै पनि कारणले कार्य अभ्यासहरू भेदभावपूर्ण, अनुपयुक्त वा असुरक्षित भएको कर्मचारीहरुले महसुस गरेर ह्विसलब्लो (नराम्रो कामका बारेमा होसियार गराउने) गर्दा उनीहरुलाई समर्थन गर्ने, र त्यस्ता चिन्ताहरुलाई प्रतिक्रिया दिन उपयुक्त कारबाही गर्ने संस्कृतिलाई सक्रिय गर्नेछु। |
| 2.9 | कर्मचारीहरूलाई तिनीहरूका कोड् अफ् प्राक्टिसमा रहेका मापदण्डहरू पूरा गर्न समर्थन गर्नेछु र ति पुरा गर्नबाट रोकावट गर्न सक्ने कुनै पनि कार्य तिनीहरुलाई लगाउदिन। |
| 2.10 | अन्य पेशाबाट कार्यरत कर्मचारीहरूलाई तिनीहरुका आफ्नो व्यावसायिक कोडहरू (संहिता) पूरा गर्न समर्थन गर्नेछु। |
| 2.11 | फिट्नेस् टु प्राक्टिस् कमजोर भएको हुन सकेका कर्मचारीलाई सम्बन्धित अधिकारीकोमा रिपोर्ट गर्नेछु। |

| ३: कर्मचारीहरुका सीप, ज्ञान र अभ्यासलाई बलियो बनाइकन कायम राख्न सक्षम बनाउन, तिनीहरुलाई सिकाइ र विकासका अवसरहरू प्रदान गर्नेछु। | |
|---|---|
| **रोजगारदाताको नाताले, म** | |
| 3.1 | कर्मचारीहरूलाई उनीहरूको भूमिका सुरक्षित र प्रभावकारी रूपमा पूरा गर्न समर्थन गर्नका लागि राम्रो गुणस्तरको पहुँचयोग्य इन्डक्डन् लगायत सिकाइ र विकासका अवसरहरू प्रदान गर्नेछु। |
| 3.2 | डिजिटल लगायत नयाँ र परिवर्तनशील भूमिकाहरू,जिम्मेवारीहरू र विकासहरुका अभ्यासमा कर्मचारीहरूलाई समर्थन गर्नेछु। |
| 3.3 | प्रभावकारी कार्यस्थल प्लेसमेन्टहरु, मूल्याङ्कन र अभ्यास सिकाई अवसरहरू (प्राक्टिस् लर्निंग अपरच्युनिटीहरु) प्रदान गर्दै शिक्षा र सिकाइमा योगदान गर्नेछु। |
| 3.4 | एसएसएससीमा दर्ता हुनका लागि आवस्यक सर्तहरू पुरा गर्न र कायम गर्न, निरन्तर व्यावसायिक सिकाइ र विकासमा कर्मचारीहरुलाई आवस्यक समर्थन गर्नेछु। |
| 3.5 | अनिवार्य समर्थित वर्ष (म्यान्डाटोरी सपोर्टिड् यिएर्) अवधिमा, हालै योग्य भएका सामाजिक सेवाकर्ताहरुका निरन्तर व्यावसायिक सिकाइ आवस्यकताहरु पूर्ण रुपमा पुरा गर्न, तिनीहरुलाई व्यावसायिक सिकाइ र विकासका आवश्यक स्तर प्रदान गरेको सुनिश्चित गर्नेछु। |
| 3.6 | आफ्नो काम पूरा गर्न सक्षम नभएका वा पर्याप्त तयारी नगरेको महसुस गरेका कारणले समर्थनको आवस्यकता परेका कर्मचारीलाई सो अनुसार उपयुक्त रुपमा प्रतिक्रिया दिनेछु। |
| 3.7 | समिक्षा र प्रतिक्रिया मार्फत कर्मचारीका अभ्यास विकास र सुधार गर्न सक्षम बनाउने प्रभावकारी र नियमित पर्यवेक्षण प्रदान गर्नेछु। |

| ४: व्यक्तिहरुका जोखिम लिने अधिकार सम्मान गर्दै तिनीहरुका सुरक्षा र संरक्षण समर्थन गर्ने संस्कृति कायम गर्नेछु। | |
|---|---|
| **रोजगारदाताको नाताले, म** | |
| 4.1 | व्यक्तिहरू, हेरचाहकर्ताहरू, कर्मचारीहरू र अरूलाई हानीबाट जोगाउनका लागि लिखित नीतिहरू र प्रक्रियाहरू स्थापना गर्नेछु। |
| 4.2 | विशेष गरी शोषण, भेदभाव, हानी, बेवास्ता वा दुर्व्यवहारका बारेमा सम्बन्धित अधिकारीलाई उपयुक्त समयसीमा भित्र रिपोर्ट गर्ने बारे लिखित नीतिहरू र प्रक्रियाहरू लागु गर्नेछु र अनुगमन गर्नेछु। |
| 4.3 | कर्मचारीहरूले शोषण, भेदभाव, हानी, बेवास्ता र दुर्व्यवहारका संकेतहरू लगायत उनीहरूले गर्नुपर्ने प्रतिक्रिया बुझ्छन् भनेर सुनिश्चित गर्नेछु। |
| 4.4 | कर्मचारीहरूले दमन-धम्की, उत्पीडन वा कुनै पनि प्रकारका भेदभाव स्वीकार्य हुनेछैन भनेर बुझ्छन् र त्यस्ता व्यवहारलाई सामना गर्न कारबाही अगाडी बढाउँछन् भनेर सुनिश्चित गर्नेछु। |
| 4.5 | सहकर्मीको फिट्नेस् टु प्राक्टिस् कमजोर भएको अवस्थामा कर्मचारीलाई रिपोर्ट गर्ने प्रक्रियाहरू स्थापना गर्नेछु। |
| 4.6 | अभ्यासले कुनै पनि हानी वा नोक्सानी निम्त्याएमा वा निम्त्याएको हुन सकेमा रिपोर्ट गर्न कर्मचारीका लागि प्रक्रियाहरू स्थापना गर्नेछु। |
| 4.7 | कर्मचारीहरूबाट आएका प्रतिवेदन र आरोपहरूलाई तुरुन्त, प्रभावकारी र खुला रूपमा व्यवस्था गर्नेछु। |
| 4.8 | सबैको सुरक्षालाई महत्व राखिकन हिंसा, धम्की र दुर्व्यवहार स्वीकार्य नहुने संस्कृतिको प्रवर्द्धन गर्नेछु। त्यस्ता घटनाहरूलाई न्यूनीकरण र व्यवस्थापन गर्न नीति र प्रक्रियाहरु स्थापना गर्नेछु। |
| 4.9 | ट्राउमाले कर्मचारीहरुमा पर्न सक्ने प्रभावहरू बारे सचेत रहनेछु, र यी अनुभव गर्ने कर्मचारीहरूलाई सहायता गर्नेछु। |
| 4.10 | अपमानजनक व्यवहारले कर्मचारीहरुमा पर्न सक्ने प्रभावहरू बारे सचेत रहनेछु। त्यस्ता व्यवहार अनुभव गर्ने कर्मचारीहरुलाई सहायता गर्नेछु। |
| 4.11 | कर्मचारीहरुका स्वास्थ्य, सुरक्षा, कल्याण र समानतालाई प्रवर्द्धन गर्ने, र समावेशीकरण र विविधतालाई सम्मान गर्ने नीति र प्रक्रियाहरू स्थापना गर्नेछु। |

| | |
|---|---|
| 4.12 | फिट्नेस् टु प्राक्टिस् कमजोर भएका सपोर्ट वोर्करहरुलाई सहायता गर्नेछु र तिनीहरूका काममा रहेका कुनै पनि प्रतिबन्धका बारेमा स्पष्ट मार्गदर्शन प्रदान गर्नेछु। |
| 4.13 | अभ्यास (प्राक्टिस्) ले हानी वा नोक्सान गरेमा वा गरेको हुनसक्ने भएमा सम्बन्धित अधिकारीहरूलाई रिपोर्ट गर्नेछु। |
| 4.14 | जोखिम मूल्यांकन नीतिहरु र प्रक्रियाहरु स्थापित गर्नेछु। |

| **५: व्यक्तिहरु र हेरचाहकर्ताहरूलाई कोड् अफ् प्राक्टिस् फर सोसियल सर्भिस् इम्प्लोएर्स (सामाजिक सेवा रोजगारदाताहरुका लागि आचरण संहिता) र कोड् अफ् प्राक्टिस् फर सोसियल सर्भिस् वोर्कर्स (सामाजिक सेवाकर्मीहरुका लागि आचरण संहिता) प्रचार र प्रवर्द्धन गर्नेछु र एसएसएससीका कारबाही प्रक्रियामा सहयोग गर्नेछु।** | |
|---|---|
| **रोजगारदाताको नाताले, म** | |
| 5.1 | कोड् अफ् प्राक्टिस् फर् सोसियल् सर्भिस् इम्प्लोएर्सका पालना गर्नेछु र यसको पालना गर्ने मेरो जिम्मेवारी बारे कर्मचारीहरूलाई बताउँनेछु। |
| 5.2 | कर्मचारीहरूलाई कोड् अफ् प्राक्टिस् फर सोसियल् सर्भिस् वोर्कर्स (सामाजिक सेवाकर्मीहरुका लागि आचरण संहिता) का बारे जानकारी दिनेछु र यसको पालना गर्नका लागि उनीहरूको जिम्मेवारीहरू बुझाउँन उनीहरूसँग कार्य गर्नेछु। |
| 5.3 | कोड् अफ् प्राक्टिस् (आचरण संहिता) र अन्य सान्दर्भिक आधरभूत संरचना र मापदण्डहरू बीचका महत्त्व र सम्बन्धलाई प्रवर्द्धन गर्नेछु। |
| 5.4 | व्यक्तिहरु र हेरचाहकर्ताहरूलाई कोड्स् अफ् प्राक्टिस् फर् सोसियल सर्भिस् वोर्कर्स एन्ड इम्प्लोएर्सका बारे जानकारी दिनेछु र कोडहरु (संहिताहरू) सँग सम्बन्धित मुद्दाहरू कसरी उठाउने भनेर विवरणहरू प्रदान गर्नेछु। |
| 5.5 | कर्मचारीका फिट्नेस् टु प्राक्टिस् सँग सम्बन्धित कुनै पनि निर्णय गर्दा कोड् अफ् प्राक्टिस् फर सोसियल सर्भिस् वोर्कर्स (सामाजिक सेवाकर्मीहरुका लागि आचरण संहिता) लाई ध्यानमा राख्नेछु। |
| 5.6 | फिट्नेस् टु प्राक्टिस् कमजोर भएको हुन सक्ने कर्मचारीका बारेमा एसएसएससीलाई रेफरल गर्न मार्गदर्शनको पालना गर्नेछु। उपयुक्त भएमा, तपाईले कर्मचारीलाई रेफरल गरेका छन् भनेर सो लाई बताउँनुहोस्। |
| 5.7 | कागजातहरू उपलब्ध गराएर, सुनवाइमा उपस्थित भएर र निष्कर्ष र निर्णयहरुप्रि प्रतिक्रिया दिएर एसएसएससी र अन्य अधिकारीहरुका अनुसन्धानमा तुरुन्त सहयोग गर्नेछु। |
| 5.8 | कर्मचारीहरूलाई एसएसएससी र अन्य अधिकारीहरुका अनुसन्धानमा सहयोग गर्न सक्षम गराउँनेछु र समर्थन गर्नेछु। |
| 5.9 | कर्मचारीलाई दर्ता (रजिस्टर) मा आवस्यक कुनै पनि सर्तहरू पूरा गर्न सो लाई समर्थन गर्ने लगायत कर्मचारीका फिट्नेस् टु प्राक्टिस् बारे एसएसएससीका कुनै पनि निष्कर्षहरू अनुसार उपयुक्त कारबाही गर्नेछु। |
| 5.10 | व्यक्तिहरु र हेरचाहकर्ताहरूलाई प्रदान गरेका सेवा सुधार गर्न अन्य मापदण्ड तय गर्ने निकायहरु (स्ट्यान्डर्ड सेटिंग बडिज्) का निष्कर्ष अनुसार उपयुक्त कारबाही गर्नेछु। |

**यि कोडहरु (संहिता) सन् २०२४ को मे १ देखी लागु हुन्छन् र पहिलाका संस्करणहरुलाई प्रतिस्थापन गर्छन्।**

**हेरचाहका नियमन (स्कटल्याण्ड) ऐन २००१ का धारा ५३ अन्तर्गत जारी गरिएको।**

यस संहिताहरुले अभ्यास, आचरण र व्यवहारका उदाहरणहरू दिन्छन् तर तपाईले देख्न-भोग्न सक्ने हरेक सम्भावित प्रकारका व्यवहारलाई समावेश गर्दैनन्।

Scottish Social Services Council

Scottish Social Services Council
Compass House
11 Riverside Drive
Dundee
DD1 4NY

टेलिफोन: ०३४५ ६० ३० ८९१

ईमेल: enquiries@sssc.uk.com

वेवसाइट: www.sssc.uk.com

यदि तपाईलाई यस कागजपत्र अन्य स्वरुप/ढाँचामा चाहेमा, कृपया एसएसएससीलाई ०३४५ ६० ३० ८९१ सम्पर्क गर्नुहोस्।

© Scottish Social Services Council 2024